आज मिति २०८१ साल असोज महिनाको ११ गते शुक्रवारका दिन विहान ठिक ११:०० बजे यस छार्का ताङसोङ गाउँपालिकाको कार्यालय कागकोटमा गाउँपालिका अध्यक्ष श्री सेनाङ गुरुङ ज्यू को अध्यक्षतामा तपसीलका उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी देहाय बमोजिमका निर्णय गरियो ।

उपस्थितिः

अध्यक्ष श्री सेनाङ गुरुङ

उपाध्यक्ष श्री कर्म ढुण्डुप गुरुङ

वडाअध्यक्ष श्री धावा लामा गुरुङ

वडाअध्यक्ष श्री टसी छोम्बेल गुरुङ

वडाअध्यक्ष श्री वाङजु गुरुङ

वडाअध्यक्ष श्री खाम्सुङ रोकाया

वडाअध्यक्ष श्री सोनाम साङवो गुरुङ

वडाअध्यक्ष श्री कार्मा तेन्जिन गुरुङ

महिला सदस्य श्री नेजिङ खाँडु गुरुङ

महिला सदस्य श्री छोईटोल गुरुङ

महिला सदस्य श्री धावा साङमु गुरुङ

महिला सदस्य श्री कान्छी ~~गुरुङ~~ बुढा

अल्पसंख्यक सदस्य श्री युरुङ घर्ती

अल्पसंख्यक सदस्य श्री ठोक्याल गुरुङ भोटे

सचिव श्री अमरराज सेजुवाल

अन्य उपस्थितिः

अधिकृत छैटौं श्री मणिराज पौडेल

कार्यालय सहयोगी श्री हरिशर्मा धराला

**निर्णय नं. (१)** खानेपानी,सिंचाई तथा उर्जा विकास कार्यालय, दुनै, डोल्पाको प्राप्त पत्र अनुसार यस गाउँपालिकामा विद्युतिकारणका लागि रु २५,००,०००।०० विनियोजन भएको जानकारी प्राप्त भएकोले उक्त कार्यक्रमबाट यस गाउँपालिकाको केन्द्र रहेको कागकोटमा स्ट्रिट लाईट जडान गर्न माग गर्ने निर्णय गरियो ।

**निर्णय नं. (२)** यस छार्का ताङसोङ गाउँपालिका वडा नं ४ मा रहेको अस्थाई प्रहरी चौकी,कागकोटको च नं ५ मिति २०८१।०६।०६ को पत्र अनुसार मौलो पूजा र पूजा सामग्री खरिद गर्न रु ३५०००।०० अक्षरुपी पैंतिस हजार रुपैयाँ मात्र उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. (३)** यस गाउँपालिकाको आन्तरिक श्रोतको स्थानीय भत्ता शिर्षकमा विनियोजन रु ५०००००।०० र आवधिक योजनामा विनियोजित भई सम्झौता हुँदा वचत भएको ४०००००।०० र संगठन तथा व्यवस्थापन सर्भेक्षण तर्फ विनियोजित भई सम्झौता हुँदा वचत भएको रु १०००००।०० गरी जम्मा रु १००००००।०० आधारभूत स्वास्थ्य सेवा केन्द्र, घेराङको सिलिङ निर्माणको लागि भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं. (४)** यस गाउँपालिकाको अन्तिम लेखा परीक्षण गर्दा स्थापना भएको आर्थिक वर्ष देखि नै कायम रहेको वेरुजुको अध्ययन गरी नियमित गर्नुपर्ने, प्रमाण पेश गर्नुपर्ने र असुल उपर गरि फछ्यौंट गर्नुपर्ने वेरुजुलाई गाउँ सभा र समितिमा फछ्यौंटका लागि पेश गर्नको लागि देहाय अनुसारको समिति गठन गर्ने निर्णय गरियो ।

**वेरुजु फछ्यौंट समिति**

मणिराज पौडेलः संयोजक
बुद्दि बहादुर धरालाः सदस्य
विष्णु बहादुर के सीः सदस्य
बम बहादुर भण्डारीः सदस्य
भक्त बहादुर बुढाः सदस्य
रामकृष्ण बुढाः सदस्य सचिव

**निर्णय नं. (५)** छार्का ताङसोङ गाउँपालिकामा हालसालै साउन र भदौ महिनामा आएको अविरल वर्षाको कारणले वडा नं ६ को चिर्थुम देखि मुकोट गाउँसम्म जाने बाटो ठाउँ ठाउँमा भत्किएर मानिस लगायत पशु चौपायाहरुलाई आवतजावतमा धेरै नै समस्या भएकोले तत्काले मर्मत गर्ने र वडा नं १ को डाङ्गे घाट ट्रस ब्रीज देखि मुस्ताङ सिमाना सम्म रोड बाटो ठाउँ ठाउँमा भत्किएर ट्रयाक्टर लगायतका ढुवानीका साधनहरु आवतजावत गर्न नसकेको कारणले मुस्ताङ्गबाट आयात हुने खाद्यान्न औषधी लगायतका अत्यावश्यक सामग्रीहरु ढुवानी गर्न समस्या परेकोले तत्काल मर्मत गर्ने साथै वडा नं १ को छार्काको मोला पास देखि कासाङ सम्म जाने बाटो ठाउँ ठाउँमा भत्किएर मानिस लगायत पशु चौपायाहरुलाई आवतजावतमा धेरै नै समस्या भएकोले विपद व्यवस्थापनबाट रकम व्यहोर्ने गरी तत्कालै मर्मत गर्ने निर्णय गरियो ।

निर्णय प्रमाणित
२०८१।०३।११

**निर्णय नं. (६)** कर्णाली प्रदेश, डोल्पा जिल्ला, मुडकेचुला गाउँपालिका वडा नं. ९ स्थित कार्यालय रहेको श्री मष्टा भवानी निर्माण सेवाको अख्तियार प्राप्त व्यक्ति ऐ. का सञ्चालक कर्ण बहादुर बुढाले सम्मानित श्री सर्वोच्च अदालतमा दायर गर्नु भएको उत्प्रेषणयुक्त परमादेश (मुद्दा नं. ०८१-WO-०२३४ र मुद्दा नं. ०८१-WO-०२३५) मुद्दामा यस छार्का ताङसोङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, कागकोट, डोल्पाको तर्फबाट उचित प्रतिरक्षा समेत गर्न गराउन गोबिन्द बन्धु पंगेनीकी छोरी जिल्ला स्याङ्जा गल्याङ नगरपालिका वडा नं. १० घर भई हाल जिल्ला काठमाण्डौं बुढानिलकण्ठ नगरपालिका वडा नं. ९ बस्ने वर्ष २४ की संरचना शर्मा (ना. प्र. नं. ४२-०२-७५-००१६२ जारी मिति २०७५।०१।१० स्याङ्जा) लाई अख्तियारी प्रदान गर्ने गाउँ कार्यपालिकाको मिति २०८१।०५।२३ को बैठकबाट निर्णय गरिएकोले निजलाई देहाय अनुसारको आर्थिक सुविधा उपलब्ध गराउने निर्णय गरियो।

(क) सम्मानित सर्वोच्च अदालतमा प्रतिउत्तर पत्र लगाए वापत प्रति मुद्दा रु ५०००।०० पाँच हजार का दरले हुन आउने रकम।

(ख) पेशीमा उपस्थित भई प्रतिनिधित्व गरे वापत प्रति पेशी र प्रति मुद्दा वापत रु १०००।०० का दरले हुन आउने रकम।

(ग) प्रति उत्तर पत्र दाखिला गर्दा लाग्ने प्रशासनिक खर्च लगायत अन्य फुटकर खर्चहरु समेतको लागि प्रति मुद्दा एक मुष्ठ रु ५०००।०० का दरले हुन आउने रकम।

(घ) यसरी उपलब्ध गराईने रकम पहिलो पक्षले दोस्रो पक्षलाई प्रत्येक वर्षको पौष महिनामा र आषाढ महिनामा हिसाब गरी दोस्रो पक्षको बैंक खाता मार्फत भुक्तानी गर्ने।

(ङ) उपरोक्त अनुसार हुन आउने रकममा एकमुष्ठ १५ प्रतिशतले हुन आउने रकम कर कट्टी गर्ने।

**निर्णय नं. (७)** श्री मष्टा भवानी निर्माण सेवा सँगको सम्मानित श्री सर्वोच्च अदालतमा बिचाराधीन मुद्दा नं. ०८१-WO-०२३४ र मुद्दा नं. ०८१-WO-०२३५ को उत्प्रेषणयुक्त परमादेश मुद्दामा छार्का ताङसोङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, कागकोट, डोल्पाको तर्फबाट लिखित जवाफको मस्यौदा गरि उचित प्रतिरक्षा गर्नेगरी प्र. प. सं. ३४८७ को अधिवक्ता श्री कृष्ण प्रसाद सुबेदीलाई कानून व्यवसायी मुकरर गर्ने गाउँ कार्यपालिकाको मिति २०८१।०५।२३ को बैठकबाट निर्णय गरिएकोले निजलाई देहाय अनुसारको आर्थिक सुविधा उपलब्ध गराउने निर्णय गरियो।

(क) सम्मानित सर्वोच्च अदालतमा लिखित जवाफको मस्यौदा गरी प्रतिउत्तर पत्र लगाए वापत प्रति मुद्दा रु ५००००।०० पचास हजार का दरले हुन आउने रकम।

(ख) पेशीमा उपस्थित भई वहस गरे वापत प्रति पेशी र प्रति मुद्दा वापत रु ५०००।०० का दरले हुन आउने रकम।

(ग) अन्तिम वहस गरे वापत प्रति मुद्दा रु ५००००।०० का दरले हुन आउने रकम।

(घ) प्रति उत्तर पत्र दाखिला गर्दा लाग्ने प्रशासनिक खर्च लगायत अन्य फुटकर खर्चहरु समेतको लागि प्रति मुद्दा एक मुष्ठ रु १००००।०० का दरले हुन आउने रकम।

(ङ) यसरी उपलब्ध गराईने रकम पहिलो पक्षले दोस्रो पक्षलाई प्रत्येक वर्षको पौष महिनामा र आषाढ महिनामा हिसाब गरी दोस्रो पक्षको बैंक खाता मार्फत भुक्तानी गर्ने।

(च) उपरोक्त अनुसार हुन आउने रकममा एकमुष्ठ १५ प्रतिशतले हुन आउने रकम कर कट्टी गर्ने।

प्रमाणित
२०८१।०३।११
अमरराज रोजुवाल
प्रमुख प्रशासकीय अधिकृत